बालबालिकाका लागि बाइबल

को प्रस्तुती



# दाऊद राजा
# (भाग 1)

लेखन: Edward Hughes

चित्र: Lazarus

संयोजन: Ruth Klassen

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2017 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

जवान दाऊद भाग्न पÚयो किनकि राजा षाऊलले तिनलाई मार्न चाहन्थे। दाऊद चार सय मानिसहरूसंग तिनी ओढ़ारमा खड़ेरी भइ बस्नपÚयो।



षाऊलले धेरैचोटि दाऊदलाई पक्रन खोज्छ तर दाऊद भागिहाल्छ।



षाऊलको दास दोएग राजालाई भने कि पूजाहारीले दाऊदलाई भाग्न सहायता गरे। तिनीहरूलाई मारिदेऊ भनी षाऊलले आज्ञा गरे। तर दोएगले मात्र यो गर्ने चाहना गरे अनि तिनले निर्दयसाथ आठ सय पच्यासी पूजाहारी अनि तिनका परिवारलाई तिनको तरवारे मारे। यो एउटा दुश्ट थियो।





एकदिन षाऊल दाऊदलाई खोज्दै थिए र त्यही गुफामा पसे जहाँ दाऊद पनि तिनका मानिसहरूसंग लुकिरहेका थिए। त्यस समय षाऊल एकलै थिए।

गुफाभित्र दाऊदले षाऊललाई सजिलै मार्न सक्थ्यो।



तिनी नजीक आए अनि तिनको लुगाको केही भाग काटे।



जब षाऊल गए तब दाऊदले तिनलाई बोलाए, “मेरो हातमा भएको यो लुगाको टुक्रा हेर्नुहोस्! मैले त्यो काटे

तर हजूरलाई मारिनँ। यसबाट थाह होस् कि हजूरको विरूद्धमा उपद्रव गर्न अथवा धोखाबाजी गर्न मैले चिताएको छैनँ।”

षाऊलले दाऊललाई उनले गरेका व्यवहारप्रति क्षमा मागे तर चाँड़ै उनको एक व्यक्ति आए अनि उनले दाऊदलाई मार्नको लागि तीन हजार मानिसहरू तिनको पछि लगाए। एकरात जब सेनाहरू सुतिरहेका थिए दाऊद र अबीषै त्यहाँ गए जहाँ षाऊल सुतिरहेका थिए।





अबीषैले दाऊदलाई
भने, “परमेष्वरले
तपाईंको षत्रुलाई
आज तपाईंको हातमा
सुम्पिदिनुभएको रहेछ।
भालाले घोंचेर एकै
खेपमा तिनलाई भूइँमा
रोपिदिने मलाई हुकूम
दिनुहोस्। मैले दुई खेप
हिर्काउन पर्दैन।”



दाऊदले अस्वीकार गरे। षाऊलको भाला अनि भाँड़ो लिएर तिनी डेरालाई छोड़े। पर्वतको बाटो हुँदै जबसम्म षाऊलले सुन्दैन तबसम्म दाऊदले कराइरहे।

एकचोटि षाऊलले देखे कि दाऊदले तिनलाई मार्न चाहन्थे तर गरेनन्। फेरि एकपल्ट, षाऊलले गल्ती गरेकोमा तिनले दाऊदलाई क्षमा मागे। तर दाऊदले षाऊलको वचनमा भरोसा गरेनन्।





ती समयदेखि षामूएल मरे।
तिनी अगमवक्ता जसले
षाऊललाई अभिशेक गरे
त्यसपछि इस्राएलका राजा
दाऊदलाई पनि। जब
पलिष्तीहरूले इस्राएललाई
आक्रमण गरे तब षाऊलले
केही भयानक कुरा गरे,
जुन कुरा परमेष्वरले
रोक्नुभएको कुरा हो।

मरेको ठाउँबाट उनले षमूएललाई बोलाऊ भनी एक स्त्रीलाई हुकूम गरे। त्यो रात, षाऊलले सन्देष पाए।



"...परमप्रभुले तिमीलाई अलग गर्नुहुनेछ अनि षत्रुहरूलाई दिनुहुनेछ, तपाईंको राज्य तर्पाइंको हातबाट खोसिनेछ अनि दाऊदलाई दिइनेछ भनी भने। भोलि, तिमी अनि तिम्रो छोरा मसंग हुनेछ। पलिष्तीहरूको हातबाट इस्राएल सेनाहरूलाई छुटाउनेछ।" जब षाऊलले यो कुरा सुने तब तिनी डरले घोप्टो परे।



इस्राएलीहरूको विरूद्धमा पलिष्तीहरू लड़े
अनि इस्राएलको मानिसहरू भागे।
पलिष्तीहरूले षाऊलको
छोरो मारे अनि
जोनथनलाई
पनि जो
दाऊदको
असल मित्र
थिए।



षाऊल काँड़हरूले घायल भए। हतियार बोक्नेलाई तिनले भने, “तेरो तरवार थुतेर मलाई रोप र यी बखतनै दुश्टहरूले निन्दा गरेर मेरो तमाषा नदेखाऊन्।” तर त्यस हतियार बोक्नेले इन्कार गयो। त्यसले आँट गरेन्। त्यसपछि षाऊलले आफ्नो तरवार थुते र त्यसैमा उनिएर मरे।





षाऊल अनि तिनका छोराहरूलाई खोज्दै पलिष्तीहरूले तिनीहरूको षरीर इस्राएल षहरको पर्खालमा झुण्ड्याए। तर केही साहसी इस्राएलीहरूले तिनीहरूको षरीर घरमा लगे अनि जमीनमा राख्न भन्दा अघि तिनीहरूलाई जलाइदिए।



जब दाऊदले यो कुरा सुने तब तिनी षोक मनाए, रोए अनि साँझसम्म षाऊलको लागि, जोनथानको लागि अनि परमप्रभुको मानिसहरूको लागि उपवास गरे कारण तिनीहरू तरवारले मारिए।

यद्यपि षाऊलले दाऊदलाई मार्न कोषिष गरे। दाऊदले षाऊललाई आदर गरे कि परमप्रभुले तिनलाई अभिशेक गर्नुभएको छ।



तर अब परमप्रभुले दाऊदलाई आदर गर्नुभयो अनि तिनलाई षाऊलको ठाउँमा राजा बनाउनुभयो।



# दाऊद राजा (भाग 1)

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

1 षमूएल 24-31, 2 षमूएल 1-2

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।"

भजनसंग्रह ११९:१३०

समाप्त

बाइबलको यो कथाले हाम्रा अद्‌भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्‌ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्‌नो घरमा जानुभयो। यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ। अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी
विश्वास गर्छौ भने परमेश्वरलाई यसो भन:
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको
निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित
हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो
जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले
अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ।
तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको
निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर।
यूहन्ना ३:१६